**ललितपुर उप महानगरपालिकाद्वारा मिति २०७२ साल आश्विन २४ गते आइतवार ललितपुर उप महानगरपालिका कार्यालयको सभाकक्षमा आयोजित चालु आर्थिक वर्ष २०७१/२०७२ को वार्षिक प्रगति समीक्षा कार्यक्रमको प्रतिवेदन**

## ऐतिहासिक पृष्ठभूमि

City of fine arts को नामले चिनिन सफल नेपालको जेष्ठ ललितपुर उप महानगरपालिका पूर्वमा महालक्ष्मी नगरपालिका, पश्चिममा कीर्तिपुर नगरपालिका र काठमाण्डौं महानगरपालिका, उत्तरमा काठमाण्डौं महानगरपालिका र दक्षिणमा कार्यविनायक नगरपालिका रहेको र यो २७°३९' देखि २७°४१' उत्तरी अक्षाशं ८५°१८' देखि ८५°५१' दक्षिणी देशान्तर सम्म फैलिएर जम्मा २४.९४ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ । ललितपुर उप महानगरपालिका यहाँ भित्र रहेका ऐतिहासिक, धार्मिक, कला, संस्कृति, मठ मन्दिर, वही, वहा, आदिले भरिपूर्ण नगरीको रुपमा परिचीत रहेको नेपाल उपत्यकाको प्राचिन तथा महत्वपूर्ण तीन नगरहरु मध्ये सर्वप्राचिन नगर हो । अनुपम कला नगरीको रुपमा सुपरिचित यो नगर सफाइ तथा अन्य कार्यहरु गर्न विक्रम सम्वत १९७५ सालमा जारी भएको पाटन सवाल वाट छेमडोल अड्डाको नामवाट संचालन भई वि.सं.२००९ सालमा ललितपुर नगरपालिका, वि.सं. २०१८ सालमा ललितपुर नगर पञ्चायत, वि.सं. २०४७ सालमा पूनः ललितपुर नगरपालिका र वि.सं. २०५२ सालमा ललितपुर उप महानगरपालिकाको रुपमा कायम भएको छ ।

## कार्यक्रमको उदेश्य




स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट नगरवासीहरुलाई नगर विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाइ जिम्मेवारीको संस्कार बसाउनु बार्षिक प्रगति समीक्षा कार्यक्रमको उदेश्य हो ।

ललितपुर उप महानगरपालिका कार्यालयद्वारा मिति २०७२ साल आश्विन २४ गते आइतवार दिउँसो १.०० वजे ललितपुर उप महानगरपालिका कार्यालयको सभा कक्षमा आयोजित कार्यक्रमको सन्चालन ना.सु. श्री सरिता महर्जनले गर्नुभएको थियो । उक्त कार्यक्रममा स्वागत मन्तव्य प्रशासन महाशाखा प्रमुख श्री बाबुराजा महर्जनले गर्नु भएको थियो भने ललितपुर उपमहानगरपालिकाका निमित्त प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रविण श्रेष्ठले कार्यक्रमको अध्यक्षता ग्रहण गर्नु भएको थियो।

यस ललितपुर उप महानगरपालिकाको गत आर्थिक वर्ष २०७१/२०७२ को वार्षिक समीक्षा कार्यक्रम वढी प्रभावकारी वनाउनको लागि सरोकारवालाहरुको व्यापक उपस्थिती अनिवार्य हुन्छ । त्यसैले कार्यक्रममा वढी से वढी सरोकारवालाहरुलाईको उपस्थितिको लागि नगरमा ललितपुर जिल्लाका सभासदहरु, क्रियाशील राजनीतिक दलहरु, विभिन्न सँघ संस्थाहरु, वडा नागरिक मञ्च, उद्योग बाणिज्य संघ, जिल्ला स्थित सरकारी कार्यालयहरु, पत्रकार, नागरिक समाज, गैर सरकारी संस्थालाई अग्रिम पत्र पठाइएको थियो ।

सो बार्षिक प्रगति समीक्षा कार्यक्रममा निम्न अनुसारको उपस्थिति रहेको थियो ।

१. निमित्त प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रविण श्रेष्ठ
२. नेपाली काँग्रेस नगर सभापति श्री भरतलाल न्याछ्यों
३. ने.क.पा.(एमाले) नगर संयोजक श्री श्रीगोपाल महर्जन
४. प्रतिनिधि, ए.ने.क.पा.(माओवादी) श्री बाबुराजा वज्राचार्य
५. नगर सभापति, रा.प्र.पा नेपाल श्री नरेश श्रेष्ठ

६. नगर सभापति, रा.प्र.पा. श्री केशव खड्का
७. प्रतिनिधि, ने.क.पा.(माले) श्री राम प्रसाद भट्ट
८. पूर्व नगर प्रमुख श्री बेखा रत्न शाक्य
९. ललितपुर उद्योग वाणिज्य संघ महासचिव श्री सविन श्रेष्ठ
१०. का.वा. अध्यक्ष ने.न.क.ए.ल.पु.उ.मन.पा.इकाइ श्री सुरेन्द्र राज अवाले
११. डिभिजन सडक कार्यालय ल.पु. प्रतिनिधि ई. श्री प्रदिप श्रेष्ठ
१२. वरिष्ठ अधिकृत, ललितपुर उप महानगरपालिका श्री बाबुराजा महर्जन
१३. वरिष्ठ कानून अधिकृत, ललितपुर उप महानगरपालिका श्री खगेन्द्र प्रसाद वस्ती
१४. ईञ्जिनियर, ललितपुर उप महानगरपालिका श्री बद्रि कृष्ण ताम्राकार
१५. शाखा अधिकृत ललितपुर उप महानगरपालिका श्री दिल्लीराज शाक्य
१६. वरिष्ठ आर्किटेक्ट, ललितपुर उप महानगरपालिका श्री चन्द्र शोभा शाक्य
१७. वरिष्ठ लेखा अधिकृत, ललितपुर उप महानगरपालिका श्री सूर्यमाया ताम्राकार
१८. इञ्जिनियर, ललितपुर उप महानगरपालिका श्री हरिश्चन्द्र लामिछाने
१९. ना.सु., ललितपुर उप महानगरपालिका श्री सविना महर्जन
२०. शाखा अधिकृत, ललितपुर उप महानगरपालिका श्री कान्छा भाई महर्जन
२१. वडा नं. १२ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री रामकृष्ण श्रेष्ठ
२२. वडा नं. ३ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री उद्धव विष्ट
२३. वडा नं. ११ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री कृष्ण गोपाल महर्जन
२४. वडा नं. २७ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री सनत कुमार थापा
२५. वडा नं. २६ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री महेन्द्र कुमार खड्का
२६. वडा नं. १७ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री नारायणहरि महर्जन
२७. इञ्जिनियर, ललितपुर उप महानगरपालिका श्री उपेन्द्र नायक
२८. वडा नागरिक मञ्च, वडा नं. ११, ललितपुर उप महानगरपालिका श्री कृष्ण अवाले
२९. वडा नागरिक मञ्च संयोजक, वडा नं. १४, ललितपुर उप महानगरपालिका श्री ऋषि प्रसाद गजुरेल
३०. स्य.स्य. समाज यल, प्रतिनिधि
३१. शाखा अधिकृत ललितपुर उप महानगरपालिका श्री श्रीभद्र ओझा
३२. वडा नं. २८ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री राजेन्द्र वज्राचार्य
३३. वडा नं. ९ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री प्रेम कृष्ण श्रेष्ठ
३४. वडा नं. ७ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री ओम कृष्ण ताम्राकार
३५. वडा नं. २४,२५ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री निरन श्रेष्ठ
३६. वडा नं. १ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री राजमान महर्जन
३७. वडा नं. ५ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री चन्द्रलाल ताम्राकार
३८. पूर्णचण्डी टोल सुधार समितिका अध्यक्ष श्री अशोक श्रेष्ठ
३९. वडा नागरिक मञ्च संयोजक, वडा नं. १९, ललितपुर उप महानगरपालिका श्री निशन प्रधान
४०. ज्यापु समाज यल का प्रतिनिधि सह-सचिव श्री सुरेन्द्र महर्जन
४१. शाखा अधिकृत ललितपुर उप महानगरपालिका श्री विमल केशरी अमात्य
४२. ना.सु., ललितपुर उप महानगरपालिका श्री ज्ञानीशोभा महर्जन
४३. खरिदार, ललितपुर उप महानगरपालिका श्री सीता महर्जन
४४. वौद्ध विहार संघका प्रतिनिधि श्री नानी काजी शाक्य
४५. लेखा अधिकृत, ललितपुर उप महानगरपालिका श्री कनिष्ट कुमार भट्ट
४६. कम्प्युटर अधिकृत, ललितपुर उप महानगरपालिका श्री लक्ष्मी देवी महर्जन
४७. लेखा अधिकृत, ललितपुर उप महानगरपालिका श्री इन्द्र लक्ष्मी ताम्राकार
४८. वातावरण इञ्जिनियर, ललितपुर उप महानगरपालिका श्री प्रदिप अमात्य
४९. इञ्जिनियर, ललितपुर उप महानगरपालिका श्री सैनिक राज सिंह
५०. लेखा अधिकृत, ललितपुर उप महानगरपालिका श्री मोहन रिजाल

५१. नेपाली काँग्रेस २ नंम्वर क्षेत्रीय उप सभापति श्री नाती महर्जन
५२. वडा नं. १ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री सूर्य प्रसाद पौडेल
५३. वडा नागरिक मञ्च, वडा नं. ६, ललितपुर उप महानगरपालिका श्री शोभा शाक्य
५४. वडा नागरिक मञ्च, वडा नं. ११, ललितपुर उप महानगरपालिका श्री बद्रि लक्ष्मी महर्जन
५५. सामाजिक परिचालक, वडा नं. ११, ललितपुर उप महानगरपालिका श्री संगिता महर्जन
५६. सामाजिक परिचालक, वडा नं. ९, ललितपुर उप महानगरपालिका श्री लता महर्जन
५७. सामाजिक परिचालक, वडा नं. २८,२९ र ३०, ललितपुर उप महानगरपालिका श्री रस्ना महर्जन
५८. सामाजिक परिचालक, वडा नं. १२, ललितपुर उप महानगरपालिका श्री निधि ताम्राकार
५९. सामाजिक परिचालक, वडा नं. १०, ललितपुर उप महानगरपालिका श्री रत्न शोभा शिल्पकार
६०. सामाजिक परिचालक, वडा नं. ३, ललितपुर उप महानगरपालिका श्री अमिता महर्जन
६१. सामाजिक परिचालक, वडा नं. २३,२४ र२५ ललितपुर उप महानगरपालिका श्री सावित्रा गौतम
६२. सामाजिक परिचालक, वडा नं. ५, ललितपुर उप महानगरपालिका श्री शोभा देवी प्रधान
६३. सामाजिक परिचालक, वडा नं. २६ र २७, ललितपुर उप महानगरपालिका श्री सृजना सञ्जेल
६४. सामाजिक परिचालक, वडा नं. १४, ललितपुर उप महानगरपालिका श्री शिला अर्याल (अधिकारी)
६५. वडा नं. १४ का स्थानीय वासिन्दा श्री स्वायत्त गौतम
६६. सामाजिक परिचालक, वडा नं. १, ललितपुर उप महानगरपालिका श्री सुनीता कपाली
६७. सामाजिक परिचालक, वडा नं. ७, ललितपुर उप महानगरपालिका श्री शान्ति महर्जन
६८. सामाजिक परिचालक, वडा नं. १६, ललितपुर उप महानगरपालिका श्री बिनी महर्जन
६९. वडा नं. २१ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री राम महर्जन
७०. वडा नं. ६ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री रविन्द्र शाक्य
७१. वडा नं. १३ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री उदयसन नापित
७२. खरिदार ललितपुर उप महानगरपालिका श्री सरिता शर्मा ज्ञवाली
७३. सामाजिक परिचालक, वडा नं. १७, ललितपुर उप महानगरपालिका श्री रोजनी श्रेष्ठ
७४. सामाजिक परिचालक, संयोजक ( एकीकृत विकास समाज नेपाल श्री कृष्ण प्रसाद दाहाल
७५. सामाजिक परिचालक, वडा नं. २२, ललितपुर उप महानगरपालिका श्री पुण्य कुमारी शाक्य
७६. सानेपा टोल सुधार समिति वडा नं. २ अध्यक्ष श्री भुपेन्द्र विष्ट
७७. वडा नं. १६ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री वालकृष्ण महर्जन
७८. शाखा अधिकृत ललितपुर उप महानगरपालिका श्री सुरेश प्रसाद गजुरेल
७९. आर्किटेक्ट इञ्जिनियर ललितपुर उप महानगरपालिका श्री रचना अमात्य
८०. आर्किटेक्ट ललितपुर उप महानगरपालिका श्री विन्दिया वज्राचार्य
८१. कार्यालय सहयोगी, ललितपुर उप महानगरपालिका श्री मञ्जु अर्याल
८२. वडा नं. १८ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री वावुराजा डंगोल
८३. मुवहाः महिला समुह प्रतिनिधि श्री मिना शाक्य
८४. मुवहाः महिला समुह प्रतिनिधि श्री प्रभा शाक्य
८५. वडा नागरिक मञ्च, ललितपुर उप महानगरपालिका श्री साधना श्रेष्ठ
८६. सामाजिक परिचालक, वडा नं. ६, ललितपुर उप महानगरपालिका श्री रोजिना शाक्य
८७. सामाजिक परिचालक, वडा नं. २०, ललितपुर उप महानगरपालिका श्री सलोनी जोशी
८८. सामाजिक परिचालक, वडा नं. १९, ललितपुर उप महानगरपालिका श्री रेणु महर्जन
८९. वडा नं. १९ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री आशा दाहाल
९०. कार्यालय सहयोगी, ललितपुर उप महानगरपालिका श्री रामदेवी महर्जन
९१. वडा नागरिक मञ्च संयोजक, वडा नं. २ ललितपुर उप महानगरपालिका श्री राजेश कुमार महर्जन
९२. कार्यालय सहयोगी, ललितपुर उप महानगरपालिका श्री रामकृष्ण दाहाल
९३. मेत्तर, ललितपुर उप महानगरपालिका श्री तुलाराम तामाङ्ग
९४. वडा नं. ८ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री आशालाल महर्जन
९५. वडा नं. १० का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री प्रदिप न्याछयों

९६. वडा नं. २५ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री हर्क वहादुर अधिकारी
९७. नेपाल दलित महिला उत्थान केन्द्र महासचिव श्री मैया आछामी
९८. नेपाल दलित महिला उथ्थान केन्द्र अध्यक्ष श्री मैना आछामी
९९. इञ्जिनियर, ललितपुर उप महानगरपालिका श्री श्रीराम के.सी.
१००. संयोजक नागरिक सचेतना केन्द्र वडा नं. २४, ललितपुर उप महानगरपालिका श्री निशा मालवुल
१०१. संयोजक नागरिक सचेतना केन्द्र वडा नं. २५, ललितपुर उप महानगरपालिका श्री रीता श्रेष्ठ
१०२. वडा नागरिक मञ्च संयोजक, वडा नं. २५ ललितपुर उप महानगरपालिका श्री रामशरण गिरी
१०३. वडा नागरिक मञ्च संयोजक, वडा नं. २८ ललितपुर उप महानगरपालिका श्री प्रज्वल महर्जन
१०४. महिला जागरण नेपाल प्रतिनिधि श्री तारानाथ घिमिरे
१०५. PURPP CONSULTANT श्री मनोज कुमार लाल
१०६. PURPP Project Manager श्री प्रविण धाख्वा
१०७. इञ्जिनियर, ललितपुर उप महानगरपालिका श्री संञ्जय शाक्य
१०८. सृष्टि महिला समुह प्रतिनिधि श्री सुनिता मालाकार
१०९. वडा नं. ४ का वडा सचिव, ललितपुर उप महानगरपालिका श्री इन्द्र वज्राचार्य
११०. स्वयम सेवक श्री बिजनी व्यञ्जनकार
१११. स्वयम सेवक श्री रमिला श्रेष्ठ
११२. कान्तिपुर पत्रकार श्री प्रशान्त माली
११३. शहरी शासन विज्ञ श्री द्रोण प्रसाद कोइराला
११४. ICT Volunteer श्री सुमिर महर्जन
११५. इञ्जिनियर, ललितपुर उप महानगरपालिका श्री रामरतन साह
११६. ललितपुर उप महानगरपालिका श्री राजेन्द्र प्रसाद अधिकारी
११७. वडा नागरिक मञ्च संयोजक, वडा नं. ८ ललितपुर उप महानगरपालिका श्री नानी काजी शाक्य

- वार्षिक समीक्षा कार्यक्रममा प्रशासन महाशाखाका प्रमुख वरिष्ठ अधिकृत श्री बाबुराजा महर्जनले स्वागत मन्तव्य राख्नु हुँदै सक्रिय सहभागिता तथा रचनात्मक सुझावको अपेक्षा गर्दै प्राप्त सुझावहरुलाई चालु वर्षमा मार्गदर्शनको रुपमा ग्रहण गर्ने समेतको वचनवद्धता व्यक्त गर्नु भएको थियो । साथै उप महानगरपालिका कार्यालयको विभिन्न महाशाखा तथा शाखा प्रमुखहरुवाट आ-आफ्ना महाशाखा तथा शाखावाट भए गरेका वार्षिक कार्यक्रमहरुको समीक्षात्मक रुपमा प्रतिवेदन पेश गर्ने तथा महा शाखा तथा शाखाहरुमा काम गर्दा आइपरेका समस्याहरुको पहिचान र सोको समाधानका उपायहरु समेतका प्रस्तुत हुने जानकारी गराउँदै सम्पूर्ण उपस्थित महानुभावहरुमा हार्दिक स्वागत गर्नु भएको थियो ।

- ललितपुर उप महानगरपालिका कार्यालय अन्तर्गतका विभिन्न महाशाखा,शाखाहरुवाट चालु आर्थिक वर्ष ०७१/२०७२ को वार्षिक समीक्षामा गत आर्थिक वर्षमा सन्चालन गरिएका कार्यक्रमहरु, परिषदवाट पारित नीति कार्यान्वयनको अवस्था लगायतका समग्र विषयहरुमा महाशाखा प्रमुख तथा शाखा प्रमुखहरु क्रमशः सार्वजनिक निर्माण महाशाखा वाट इञ्जिनियर श्री बद्रिकृष्ण ताम्राकार, शहरी विकास महाशाखाको तर्फवाट इञ्जिनियर श्री हरिश्चन्द्र लामिछाने, सामुदायिक विकास शााखावाट शाखा अधिकृत श्री प्रेम वहादुर थापा, जनस्वास्थ्य शाखाको तर्फवाट शाखा अधिकृत श्री विमलकेशरी अमात्य, राजश्व प्रशासन महाशाखावाट शाखा अधिकृत श्री दिल्ली राज शाक्य, आर्थिक प्रशासन महाशाखावाट महाशाखा प्रमुख श्री सुर्यमाया ताम्राकार, प्रशासन महाशाखावाट महाशाखा प्रमुख श्री बाबुराजा महर्जन, कानून महाशाखाको तर्फवाट महाशाखा प्रमुख श्री खगेन्द्र प्रसाद वस्ती, नगर प्रहरी बलको तर्फवाट नगर प्रहरी नायव उपरीक्षक श्री कदमलाल महर्जन, सम्पदा संस्कृति, पुरातत्व संरक्षण केन्द्रका केन्द्र प्रमुख श्री चन्द्र शोभा शाक्य, वातावरण शाखा प्रमुख श्री प्रदिप अमात्यवाट कार्यक्रममा प्रस्तुत गरिएको थियो ।

- कार्यक्रममा आमन्त्रण गरिएका महानुभावहरु मध्येवाट नेपाली काँग्रेस नगर सभापति श्री भरतलाल न्याछ्यों, ने.क.पा.(एमाले) नगर संयोजक श्री श्रीगोपाल महर्जन, प्रतिनिधि, ए.ने.क.पा.(माओवादी) श्री बाबुराजा वज्राचार्य,प्रतिनिधि, ने.क.पा.(माले) श्री राम प्रसाद भट्ट लगायतले वार्षिक प्रगति समीक्षा कार्यक्रममा प्रस्तुत गरिएका प्रस्तुती उपर समीक्षात्मक टिप्पणी सहित आफ्नो राय सुझावहरु दिनु भएको थियो ।

**प्राप्त टिप्पणीहरुः**



१. ललितपुर उप महानगरपालिकाका विभिन्न महाशाखा तथा शाखाहरुले कार्यक्रम सन्चालन गर्दा उप महानगरपालिकाको महाशाखा तथा शाखागत र अन्य लाइन एजेन्सीहरु सँग समेत समन्वयात्मक ढंगवाट कार्यक्रम सन्चालन गर्नु पर्ने तथा वार्षिक कार्यक्रम छनौट गर्दा समन्वयात्मक ढंगवाट छनौट गर्नु पर्ने ।

२. उप महानगरपालिकावाट सन्चालित कार्यक्रमहरु तथा प्रवाह गरिएका सेवाहरुको चुस्त दुरुस्त रुपमा अनुगमन गर्नको लागि अनुगमन संयन्त्रको व्यवस्था हुनु पर्ने ।

३. कार्यक्रमहरु सन्चालन गर्दा गैसस, उद्योग वाणिज्य संघ, जेष्ठ नागरिक समाज लगयातका विभिन्न संघ संस्था संग समन्वय गरी कार्यक्रमहरु सन्चालन गर्नु पर्ने ।

४. उप महानगरपालिकामा पुराना पेश्कीको भार वढ्दै गएको सन्दर्भमा सो पेश्की घटाउन अभियान चलाउनु पर्ने र सो को लागि प्रभावकारी संयन्त्र निर्माण गर्नु पर्ने र त्यसका लागि राजनीतिक दलले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

५. उप महानगरपालिकमा कार्यरत कर्मचारीहरलाई जिम्मेवारी सहितको कार्य सम्पादन गर्न अग्रसर वनाउनु पर्ने ।

६. उप महानगरपालिकामा आउने गुनासो सुन्ने संयन्त्र प्रभावकारी वनाई कार्यान्वयनमा ल्याउनु पर्ने ।

७. ललितपुर उप महानगरपालिका कार्यालय र मातहतका कार्यालयहरु, वडा समितिका कार्यालयहरुमा सरसफाई हुनु पर्ने, व्यवस्थित र सुविधा सम्पन्न र सेवाग्राही मैत्री हुनु पर्ने ।

८. न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) का सूचकहरुको कार्यान्वयन प्रभावकारी रुपमा गर्नु पर्ने र यसमा उत्कृष्ट नतिजा ल्याउन प्रयत्न गर्नु पर्ने ।

९. गत आर्थिकवर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रमहरु कति कार्यान्वयन भए कति कार्यान्वयन हुन सकेनन् सो को लेखा जोखा गर्नु पर्ने ।

**प्राप्त सुझावहरु**

१. ललितपुर उप महानगरपालिकाका विभिन्न महाशाखा तथा शाखाहरुले कार्यक्रमहरु सन्चालन गर्दा समन्वयात्मक ढंगवाट सन्चालन गर्नु पर्ने हुँदा समन्वयको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

२. जेष्ठ नागरिक, वालवालिका, विपन्न, वर्गको लक्षित, कार्यक्रमहरु छनौट गर्दा तथा कार्यान्वयन गर्दा नेपाल सरकारको नीति तथा निर्देशनहरु र समय समयमा प्राप्त परिपत्रहरु तथा उप महानगरपालिकाको आवश्यकता अनुसार सो संघ संस्थाका प्रतिनिधिहरु सहितको उपस्थितिमा छनौट, सन्चालन लगायतका कार्यहरु हुने पर्ने देखिन्छ ।

३. उप महानगरपालिकामा पेश्कीहरु लामो समय सम्म फछ्र्यौट नभईरहेको र पेश्कीको मात्रा बढ्दै जानु चिन्ताको बिषय हो र सो पेश्की फर्छयौट गर्नको लागि उप महानगरपालिकाले अभियान सन्चालन गरी पेश्की फछर्योट कार्यदल गठन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

४. उप महानगरपालिकाको वार्षिक स्वीकृत नीति अनुसारका कार्यक्रमहरुको तर्जुमा र सन्चालनमा ध्यान केन्द्रित गर्नु पर्ने देखिन्छ ।

५. उप महानगरपालिकावाट योजना तथा कार्यक्रमहरु छनौट तथा सन्चालन प्रक्रियाको वार्षिक कार्यतालिका तर्जुमा गरी सो कार्य तालिका अनुसार कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

६. ललितपुर उप महानगरपालिका कार्यालय र मातहतका कार्यालयहरु, वडा समितिका कार्यालयहरुमा नियमित रुपमा सरसफाई हुनु पर्ने, व्यवस्थित र सुविधा सम्पन्न र सेवाग्राही मैत्री वनाउनु पर्ने देखिन्छ ।

७. उप महानगरपालिकावाट सन्चालित कार्यक्रमहरु तथा प्रवाह गरिएका सेवाहरुको चुस्त दुरुस्त रुपमा अनुगमन गर्नको लागि अनुगमन संयन्त्रको व्यवस्था गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

८. उप महानगरपालिकमा कार्यरत कर्मचारीहरुलाई जिम्मेवारी सहितको कार्य सम्पादन गर्न अग्रसर वनाउनु पर्ने साथै कर्मचारीको मनोबल बढाउनका लागि कार्य सम्पादन अनुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरु मध्येवाट छनौट गरी नगरपरिषदमा उत्कृष्ठ कर्मचारीहरुलाई पुरस्कृत गर्ने, २५ वर्ष निरन्तर सेवा गर्ने कर्मचारीहरुलाई दिर्घ सेवा पदक वितरण गर्ने व्यवस्था नियमित रुपमा मिलाउनु पर्ने देखिन्छ ।

९. ३० वटै वडा समितिका कार्यालयहरुमा क्रमश जनशक्ति, सन्चारका सुविधाहरु वृद्धि गर्दै सक्षम बनाउदै वडा समितिका कार्यालयहरुमा अधिकारहरु पत्यायोजन गर्दे लैजानु पर्ने देखिन्छ ।

१०. उप महानगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पर्ती जग्गाहरुको पहिचान गरी संरक्षण सम्वर्द्धन गर्दे लैजानु पर्ने देखिन्छ ।

११. उप महानगरपालिका क्षेत्र भित्र वातावरण मैत्री भवन, भूकम्प प्रतिरोधी भवन निर्माण कार्यलाई प्रोत्सहन गर्नु पर्ने देखिन्छ ।

१२. उप महानगरपालिकाको क्षेत्र विस्तार संगै थप भएका वडाहरु समेत समेटी साप्ताहिक रुपमा फोहर मैला संकलन गर्ने, सरसफाई कार्य सन्चालन गर्न टोल टोल संग समन्वय गरी जनचेतना मुलक कार्यक्रमहरु सन्चालन गरी फोहरमैला वर्गीकरण गरी फोहरको श्रोतमा नै न्यूनीकरण गर्ने कार्यक्रम कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ।

१३. न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) का सूचकहरुको कार्यान्वयन प्रभावकारी रुपमा गर्नु पर्ने र सोको कार्यान्वयन गर्दा आइपर्ने समस्याको पहिचान गरी सो को निराकरण गरी सो मापनमा उत्कृष्ट नतिजा ल्याउन प्रयत्न गर्नु पर्ने देखिन्छ ।

समीक्षा कार्यक्रमको अन्त्यमा उप महानगरपालिकाका निमित्त प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रविण श्रेष्ठले उप महानगरपालिकाको निमन्त्रणा स्वीकार गरी आउनु भएका सवै महानुभावज्यूहरुमा कृतज्ञता ज्ञापन गर्दै उप महानगरपालिकावाट प्रवाह गरिएको सेवा तथा संचालन गरिएका कार्यक्रमहरुको सर्न्दभमा औल्याइएका कमी कमजोरीहरु सुधार गर्दै लैजाने र प्राप्त सुझावहरु उप महानगरपालिकाको श्रोत र साधनले भ्याए सम्म आगामी दिनमा क्रमशः कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । देशको बिषम परिस्थितिमा पनि नगरपालिकाको काममा लगनशीलताका साथ काम गर्ने सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै बार्षिक प्रगति समीक्षा कार्यक्रम समापन भएको जानकारी गराउनु भएको थियो ।

प्रतिवेदन तयार गर्ने – राजेन्द्र प्रसाद अधिकारी तथा द्रोण प्रसाद कोइराला